## ARDS-NEPAL

Alzheimer's Related Dementia Society (ARDS-NEPAL), was established in May 31, 2012 as a local NGO with an initiation of eleven Nepalese individuals (including Psychiatrist, social workers, Medical Professionals and Care taker) and Nepalese Doctors' Association UK. ARDS-NEPAL is duly registered with the Nepal Government Kathmandu Central District Office and is affiliated with the Social Welfare council.

## Objectives

As per fact sheet published by WHO, about 40 million people in the world, are suffering from Alzheimer disease, which is expected to be double the number after 20 years. It is assumed that about 7.7 million of people in the world are recognized as new clients suffer from this disease. Though WHO has listed Alzheimer disease as one of the major public health problem, almost 95 % of the total population is still unaware about this disease in Nepal. Even existing mental health facilities in the country have no options for this matter. The sign and symptoms of Alzheimer, when it appears, are taken simply as sign of old age. People do not take it as disease.

The main objective of this organization is to conduct creative as well as service oriented activities in the field of Alzheimer Related Dementia without any prejudice based on religion, caste, language, or regionalism to render real support in the multi-dimensional development in Nepal. In addition, ARDS-NEPAL:

a. Provides a forum for the members to establish academic, professional, and social links with other associations or groups with similar nature of working area.

b. Provides advice and guidance on national level such as: to government, professional and other non-statutory bodies on issues related to Alzheimer and mental health.

c. Promotes issues related to public awareness program about Alzheimer/Dementia and help in building capacity in related field.

d. Encourages research in Alzheimer/Dementia, conduct trainings, and periodic CME's get-together for the mental health professionals, family members and care takers.

## Ongoing activities of ARDS-Nepal

- Organizes and conducts orientation and interaction program on Alzheimer's and Dementia among family members, mother's group, and social workers.
- Organizes orientation and CME program to the paramedics and Medical Doctors in different Nursing Institution and Medical Colleges in-side and out-side valley.
- Celebrates World Alzheimer's Day every September 21 of the year with different activities related with promotion of Alzheimer's and Dementia in coordination with government and local Ngos and INGOs.
- Conducts public awareness campaign and interaction program jointly with Senior Citizen Federation of the country to the people in different clusters.
- Organizes national level workshop, press meets and symposium in coordination with government sectors and give inputs in policy making homework.
- ARDS-Nepal is continuously publishing manual books and printing different educational materials in related with Alzheimer's related Dementia issues for free distribution.
- Helps in conducting Memory Clinics in Bir Hospital, Kathmandu Medical College, Patan Hospital and Grandy Hospital in Kathamndu and Kohalpur Medical College and B.P.K.I.H.S in Nepalgunj and in Dharan respectively.
- ARDS-Nepal has obtained full membership of Alzheimer's Disease International-UK on May 1, 2012 which was rectified by the ADI-UK World Conference held in San Juan, Puerto Ricco.

## How you can help us

- A contribution of US $ 300.00 covers the day to day administration expense for a month.
- Individuals/families or organizations contributing US $ 1,000.00 or more regularly every year will be honored with a Certificate of Appreciation.

## Our Banking Address

Nepal Investment Bank
Putalisadak Branch, Kathmandu.
Account Name: ARDS-Nepal
Act. No: 01202050250283 / Swift Code: NIBLNPKT

ARDS-NEPAL

# अल्जाइमर्स विस्मृति समाज-नेपाल

(स्थापित : २०६९ वि.सं)

## Alzheimer and Related Dementia Society-Nepal

(ARDS-Nepal, 2012)



Full Member of Alzheimer 's disease International-UK (ADI-UK)

Alzheimer's Disease International

“याद गर्नुहोस, हामी बिर्सने रोगको खतरालाई कम गर्न सक्छौं... !!”

डिमेन्सीयाबाट ग्रसित व्यक्तिहरु प्रति समर्पित... !!

"dedicated towards caring for people suffering from Dementia and related disorder..."


Kathmandu, Nepal.
Tel: 9851155220 (HOT LINE)
Email: ardsnepalinfo@gmail.com
Visit us at : www.ardsnepal.org

## संस्थाको स्थापना

अल्जाइमर विस्मृति समाज-नेपाल (ARDS-NEPAL) जेष्ठ १७, २०६९ का दिन नेपाल सरकार,गृह मत्रांलय, जिल्ला प्रशासन कार्यालय, काठमाडौँमा एक गैर सरकारी, मुनाफा रहित संस्थाको रूपमा विधिवत दर्ता गरिएको संस्था हो । यसै गरि संस्था मिति जेष्ठ २४, २०६९ का दिन समाज कल्याण परिषद्मा समेत आबद्ध भएको हो । आधिकारीक रूपमा सन २०१२ जुलाई १३ तारिखका दिन तत्कालीन उप-राष्ट्रपति श्री परमानन्द झाज्यू बाट संस्थाको र यससँग सम्बन्धित हट्-लाईनको समुदघाट्न भएको हो ।

## संस्थाका मुख्य उद्देश्यहरु

- नेपालमा अल्जाईमर रोग संबन्धी जनचेतना जागरण गर्ने ।
- नेपालमा डिमेन्सिया र यस संबन्धी राष्ट्रिय स्तरमा यस क्षेत्रसँग संबन्धित पेशाकर्मी तथा अन्य निकायको सरकारलाई सर सल्लाह र सुझाव प्रदान गर्ने ।
- डिमेन्सिया संबन्धी अनुसन्धान, औषधोपचार, तालिम, गोष्ठी, भेला आदि आयोजना गर्ने ।

## यस बाहेक संस्थाका अन्य उद्देश्यहरु

- आमनागरिकमामा डिमेन्सिया तथा अल्जाईमर्स रोग बारे सावधानी एवं जानकारी गराउने ।
- अल्जाइमर डिमेंन्सिया सम्बन्धि डाक्टर, नर्स, समाजसेवी, स्वास्थ्यकर्ता, परिवारका सदस्यहरूलाई अभिमुखीकरण जस्ता कार्यक्रमहरू संचालन गर्ने ।
- सहभागितामूलक अन्र्तकिया कार्यक्रमहरू आयोजना गर्ने ।
- रोगसँग सम्बन्धि पम्प्लेट, स्टीकर र गोजी पात्रो जस्ता जानकारी मुलक सामाग्रीको उत्पादन तथा बितरण गर्ने ।
- रोग बारे मिडियाकर्मीहरूलाई तालीम दिने र यसको प्रचार प्रसारमा सघाउने ।

## डिमेन्सिया तथा अल्जाईमर्स रोग केहि बारे जानकारी

- डिमेंसिया मस्तिस्कमा लाग्ने एउटा साझा रोग हो जसले गर्दा कतिपय उच्चस्तरीय मानसिक क्षमतामा साझा प्रकारको क्षय भएर व्यक्तिको स्मरण शक्ति, चिन्तन, वरिपरि भैरहेका गतिविधिहरू प्रतिको जागरूकता, मनन्, हिसाब किताब, नयाँ कुरा सिक्ने क्षमता, बात-विचार तथा स्वविवेकको साथै संवेग, व्यवहार तथा आत्मोत्साहमा पनि ह्रास हुँदै जान्छ ।
- डिमेंसिया विभिन्न किसिमका हुन्छन् । त्यस मध्ये अल्भाइमर्स डिजिज सबै भन्दा बढी देखिन्छ र अधिकांस तह ६५ वर्ष माथिका मानिसमा पाइन्छ ।

## डिमेंसियाका दश प्रमुख लक्षणहरु

१. स्मरण शक्तिको ह्रासले साह्रै भुल्लकड भई दैनिक जीवन यापनमा कठिनाई, खासगरी भर्खरैको घट्नाहरू र व्यक्तिका नामहरू समेत बिर्सनु ।

२. तर्क गर्ने क्षमता हराउनु तथा सामान्य समस्याहरू पनि समाधान गर्न नसक्ने ।

३. सधैं गरेका घराइसी, व्यावसायिक अथवा सामान्य काम गर्न पनि असमर्थ हुने ।

४. समय तथा स्थानको ज्ञान हराउनु ।

५. आँखाले देखेका कुराहरू नचिन्नु तथा नजिक-टाढाको दूरी अथवा सम्बन्ध छुट्याउन नसक्नु ।

६. कुराकानी गर्दा अथवा लेख्ने बेलामा चाहिएको शब्द नभेटिनु ।

७. सामानहरू अलपत्र पारी चाहिएको बेलामा भेट्न नसक्नु ।

८. स्वविवेक शक्ति क्षीण हुनु अथवा गुमिनु ।

९. घरायसी तथा व्यवसायिक क्रियाकलापबाट बिमुख हुनु ।

१०. व्यक्तिको मूड तथा व्यक्तित्वमा परिवर्तन हुनु ।

## संस्थाले गर्दै आएका क्रियाकलापहरु



क) संस्थाले स्थापनाकालदेखि नै देशका विभिन्न ठाउँहरूमा स्थानीय संघ संस्था तथा क्लबहरूसँग समन्वय गरी त्यहाँका समुदाय, आमा समुह, रोगीका परिवारका सदस्यहरू, महिला स्वास्थ्य स्वयं सेविकाहरू तथा ईच्छुक अन्य सामाजिक कार्यकर्ताहरूलाई डिमेन्सिया तथा अल्जाईमर्स रोगसँग संबन्धित आवश्यक जानकारी, अर्न्तक्रिया तथा अभिमुखीकरण कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ ।

ख) राजधानी भित्रका र बाहिरका विभिन्न तहमा अध्ययनरत नर्सिङ कलेजका विद्यार्थीहरूका साथै विभिन्न मेडिकल कलेजमा अध्ययनरत मेडिकल छात्र तथा छात्रा लगायत डाक्टरहरूलाई समेत यो रोग बारे जानकारीमुलक तालीमहरू संचालन गर्दै आईरहेको छ ।



ग) हरेक बर्ष सेप्टेम्बर २१ तारीखका दिन सरकारी निकाय तथा विभिन्न संघ संस्था लगायत जेष्ठ नागरिक महासंघसंग मिली विश्व अल्जाईमर्स दिवश मनाउने क्रममा विभिन्न जनचेतनामुलक कार्यक्रमहरू आयोजना गर्दै आईरहेको छ ।

घ) जेष्ठ नागरीक महासंघ संग सहकार्य गरी यस्का विभिन्न समाजका सदस्यहरू माझ यो रोग सम्बन्धी जनचेतनामुलक कार्यक्रम तथा स्याहारकर्ता अभिमुखीकरण कार्यक्रमहरू संचालन गर्दै आईरहेको छ ।



ङ) हरेक वर्ष सरकारी निकायसँग समन्वय तथा सहकार्य गर्दै यस रोग बारे राष्ट्रिय स्तरमा नीति तथा कार्यक्रम तर्जुमा गर्नको लागी र वकालत गर्नको लागी राष्ट्रिय स्तरको सभा सम्मेलन, पत्रकार सम्मेलन तथा अर्न्तक्रिया कार्यक्रमहरू र गोष्ठी तथा कार्यशाला आयोजना गर्दै आईरहेको छ ।




च) हरेक वर्ष वार्षिक कार्यक्रम अन्तर्गत यस रोग सम्बन्धि जनचेतना फैल्याउन उद्देश्यले विभिन्न शैक्षिक सामग्री, पुस्तक प्रकाशन, पम्प्लेट, स्टीकर र गोजी पात्रो जस्ता जानकारीमुलक सामाग्रीको उत्पादन तथा वितरण गर्दै आइरहेको छ।

छ) राजधानी स्थित वीर अस्पताल, काठमाडौं मेडिकल कलेज, पाटनअस्पताल, ग्राण्डी अस्पताल तथा उपत्यका बाहिर कोहलपुर मेडिकल कलेज तथा वि.पि.के.आई.एच.एस. धरानमा संचालित मेमोरी क्लिनिकमा सहकार्य गर्दै आईरहेको छ ।

## अन्तराष्ट्रिय संस्थाको सदस्यता

सनजुवान, पोर्तोरिको को विश्व अल्जाईमर्स अन्तराष्ट्रिय सम्मेलनको निर्णय बमोजिम मे १ तारीख २०१२ का दिन संस्थाले विधिवत रुपमा अल्जाईमर्स डिजिज ईन्टरनेशनल-यू.के. को पुर्ण सदस्यता प्राप्त गरेको छ ।



This is to certify that

**Alzheimer and Related Dementia Society Nepal**

became a full member of Alzheimer's Disease International on

1 May 2014
San Juan, Puerto Rico

Princess Yasmin Aga Khan
President, Alzheimer's Disease International